नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

## रोमानियाको राजधानी बुखारेष्टमा राहदानी सम्बन्धी घुम्ती सेवा संचालन सम्बन्धी सूचना

नेपाली राजदूतावास बर्लिनले रोमानियाको राजधानी बुखारेष्टस्थित देहायको मिति, स्थान र ठेगानामा रोमानिया, हंगेरी र बुल्गेरियामा रहनु भएका नेपाली राहदानी आवेदकहरुलाई लक्षित गरी कन्सुलर सेवा शिविर मार्फत राहदानी नवीकरण तथा नया जारी गर्ने प्रयोजनका लागि सेवा प्रवाह गर्ने कार्यक्रम तय गरेको छ। तसर्थ, उक्त मिति र समयको लागि यस अघिको सूचना समेत बमोजिम Online आवेदन भरी Appointment लिएर राहदानी नवीकरणको सेवा प्राप्त गर्नुहुन रादूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

### राहदानी सम्बन्धी घुम्ती कन्सुलर सेवा शिविर संचालन हुने स्थान, मिति र समय:

स्थान: Herbs Organic Kitchen
(Asian Restaurant)
Street Gramont No. 2
(Mitropolitul Nifon 1)
Piata Regina Maria
Sector 4, Bucharest, Romania

मिति: ३-१३ सेप्टेम्बर २०२३

समय: पूर्वान्ह ०९ बजेदेखि साँझ ०५ बजेसम्म र आवश्यकता अनुसार त्यसपछिसम्म पनि ।

१. विद्युतीय राहदानी E-Passport नवीकरणका लागि Online Application फाराम भर्ने तथा Appointment लिने तरिका:

- सर्वप्रथम आफ्नो कम्प्युटर/ल्यापटप वा मोवाइलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्ने ।
- https://emrtds.nepalpassport.gov.np/ मा गई Apply for Passport छनौट गरेपश्चात Renewal/Replacement (Lost/Stolen) राहदानी नवीकरणको लागि Ordinary 66 Page मा Click गरी अघि बढ्नु पर्ने ।
- Appointment Country- Other छनौट (Select) गरी Appointment Location- NE, Berlin छनौट गर्ने ।
- तत्पश्चात रोमानियाको बुखारेष्ट शिविरका लागि मात्र उलब्ध गराइएको देहायको Appointment Date छनौट गरी सम्पूर्ण विवरण भरीसकेपछि अन्त्यमा barcode सहितको pdf फाराम Download गर्ने । (Download गरिएको फारामको दायाँपट्टी छेउमा र Bottom (तल barcode रहेको देख्न सकिनेछ ।)
- बुखारेष्ट राहदानी सम्बन्धी कन्सुलर घुम्ती सेवा शिविरका लागि देहायका मिति मध्ये कुनै एक दिन छनौट गरी Appointment लिन सकिनेछ :
  - अगष्ट १३, २०२३ (आइतवार)
  - अगष्ट २०, २०२३ (आइतवार)
  - अगष्ट २७, २०२३ (आइतवार)

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np

- उक्त barcode सहितको फारामको Scanned Copy, राहदानी र नागरिकताको फोटोकपी Attach गरी अगष्ट ३० भित्र Verification का लागि दूतावासको e-mail: berlin@nepalembassy.de मा पठाउनु पर्नेछ ।
- फाराम Verify नगरी निवेदकले भरेको विवरण Retrieve गर्न नसकिने र सो नभएको अवस्थामा Biometrics (फोटो, औंठाछाप) लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य रुपमा अगष्ट ३० भित्र दूतावासमा पठाउनु पर्नेछ । अन्यथा, घुम्ती शिविरबाट सेवा प्राप्त गर्न सकिने छैन ।
- डाउनलोड गरिएको फारामको Print प्रति तथा अन्य आवश्यक कागजात सहित माथि उल्लिखित तोकिएको स्थान र समयमा आवेदक स्वयं उपस्थित हुनुपर्नेछ ।

२. विद्युतीय राहदानी (e-Passport) को लागि आवेदन फाराम भर्न आउँदा देहायका कागजातहरु साथमा लिइ आउनु पर्नेछ :

- सक्कल नागरिकता र सो को प्रतिलिपि ।
- नावालकको हकमा नावालक परिचयपत्र तथा बाबु र आमाको नागरिकताको प्रतिलिपि ।
- सक्कल राहदानी र सो को प्रतिलिपि ।
- Biometrics का लागि https://emrtds.nepalpassport.gov.np/ मा रितपूर्वक भरिएको अनलाइन फारामको barcode सहितको प्रिण्ट गरिएको प्रति ।
- देहाय बमोजिमको राहदानी दस्तुर:

| सेवा | बुझाउनु पर्ने दस्तुर | दस्तुर बुझाउने तरिका |
|---|---|---|
| ६६ पेजको विद्युतीय राहदानी | युरो १२० | Online ट्रान्सफर गर्नुहोस्: |
| दश बर्ष मुनिका नावालकको विद्युतीय राहदानी | युरो ११० (युरो ६० राहदानी दस्तुर र युरो ५० जन्मदर्ता शुल्क) | Beneficiary name: Embassy of Nepal<br>Bank Account Number: BLZ: 100 400<br>00 Commerzbank Berlin<br>IBAN: DE 79 100 400 000 26 60 20 700<br>Swift Code: COBADEFFXXX |
| हराएको वा बिग्रिएको (पाना च्यातिएको/ मसी पोखिएको/ केरमेट भएको ) | युरो २४० | |
| दश बर्ष मुनिका नावालकको हराएको वा बिग्रिएको (पाना च्यातिएको/ मसी पोखिएको/ केरमेट भएको ) | युरो १२० | |
| नियोगको त्रुटीका कारण विवरण गलत भएकोमा सच्याउनु परेमा | युरो ६० | |

- नया राहदानी छपाइ भई राहदानी विभागबाट प्राप्त भए पश्चात नियोगले सम्भव भएसम्म कर्मचारी खटाई बुखारेष्टस्थित अवैतनिक वाणिज्यदूतावासमा वितरणका लागि पठाउने छ । तसर्थ, हाललाई कुनै पनि Postal Charge बुझाउनु पर्ने छैन ।
- राहदानी सेवा सम्बन्धी अन्य प्रक्रिया, आवश्यक कागजात दूतावासमा नियमित आवेदन पेश गर्दा अपनाउनु पर्ने प्रक्रिया सरह हुनेछ । थप जानकारी आवश्यक भएमा देहायका महानुभावहरुलाई सम्पर्क गर्न सक्नु हुनेछ:

१. श्री प्रेम भण्डारी
टेलिफोन: +४९१७६९८२२५५४६
इ-मेल: prembhandari2007@gmail.com

२. श्री नवराज पोखेल
बुखारेष्टका लागि नेपाली अवैतनिक वाणिज्यदूत
टेलिफोन: +४०७३००७१९५०
इ-मेल: office@nepal-consulate.ro
nepal.romania@gmail.com

३. श्री खगेन्द्र अधिकारी, अध्यक्ष,
गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, रोमानिया
टेलिफोन: +४०७३०१७६९२५

नेपाली राजदूतावास
बर्लिन